# राष्ट्रिय युवा परिषद्
# सानोठिमी, भक्तपुर




# सूचनाको हक सम्बन्धी अर्धबार्षिक प्रतिवेदन

आ.व. २०७९/०८०

## *राष्ट्रिय युवा परिषद्को आ.व. २०७९।८०को अर्ध बार्षिक सूचनाको हक सम्बन्धी प्रतिवेदनः*

*राष्ट्रिय युवा परिषद्बाट आ.व. २०७९।८० को अर्ध बार्षिक सूचनाको हक सम्बन्धमा भए गरेका गतिविधिहरू तथा व्यवस्थाहरू:*

### *१. सूचनाको स्वतः प्रकाशन (Proactive Disclosure of Information)*

राष्ट्रिय युवा परिषद्वाट सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तोकिएका विषयहरू समेटी प्रत्येक चौमासिक अवधिमा सूचनाको स्वतः प्रकाशन तयार गरी परिषद्को वेवसाइटमा राखिएको ।

### *२. सूचना प्रविधि शाखा*

परिषद्का तथ्याङ्क र सूचनाहरूलाई व्यवस्थित गर्न तथा सूचनाको सङ्कलन, प्रवाह र सम्प्रेषण सम्बन्धी कार्यका लागि सूचना प्रविधि शाखाको व्यवस्था गरिएको ।

### *३. नागरिक बडापत्र (Citizen Charter)*

सम्बन्धित सरोकारवालाहरुलाई परिषद्वाट प्रदान गरिने सेवाको सहजताका लागि निम्नानुसारको नागरिक बडापत्रको व्यवस्था गरी कार्यालयको मूख्य द्वार वाहिर राखिएको ।

## नागरिक बडापत्र (Citizen Charter)

| क्र.सं. | सेवाको प्रकार | कार्य प्रक्रिया | लाग्ने शुल्क | समय | शाखाको नाम |
|---|---|---|---|---|---|
| १ | गुनासो व्यवस्थापन | - कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित विषयमा सरोकारवालाहरुबाट लिखित वा मौखिक गुनासो राख्न सकिने । | नि:शुल्क | गुनासोको प्रकृति हेरी गुनासो प्राप्त भएको सोही दिन | प्रशासन, अनुगमन, मूल्याङ्कन तथा आन्तरिक व्यवस्थापन शाखा |
| २ | सेवा आपूर्तिका लागि सूची दर्ता | - परिषदले तोकेको समयावधिभित्र देहायका कागजातहरु सहित निवेदन दर्ता गर्नुपर्ने ।<br>(क) संस्था वा फर्म दर्ता प्रमाणपत्र (ख) नवीकरण (ग) कर चुक्ता प्रमाण (घ) कारोवारको प्रकृति (ङ) प्रदान गर्न सकिने सेवाहरु आदि खुलाइएको हुनुपर्ने । | नि:शुल्क | सूचना प्रकाशन भएको १५ दिन भित्र | ,, |
| ३ | संघसंस्था आवद्धता सम्बन्धी कार्य | - सूचना प्रकाशन, जिल्लाबाट सिफारिससहित आवेदन संकलन, आवश्यकता अनुसार अनुगमन, प्रक्रिया | रु. ३००० (पाँच वर्षका लागि) | निरन्तर | सामाजिक संघसंस्था समन्वय शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पुगेका संघसंस्थाको आवद्धताको सिफारिस तथा आवद्धता प्रदान। | | | |
| ४ | संघसंस्थाको आवद्धता नवीकरण | - युवा परिषदमा आवद्ध संघसंस्थाको आवद्धताको म्याद समाप्त भएपछि नवीकरणका लागि सूचनामा तोकिएको कागजात संलग्न राखी निवेदन दिनुपर्ने। | रु. ३००० | नियमित | ,, |
| ५ | एक शिक्षण संस्था एक उद्यम कार्यक्रम | एक शिक्षण संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन कार्यढाँचामा तोकिएको ढाँचामा निवेदन दिनुपर्ने | निशुल्क | सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र | युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा |
| ६ | उद्यमशिलता र वित्तीय साक्षरता तालिम | • कार्यविधिमा तोकिए बमोजिमको ढाँचामा स्थानीय पालिकामा निवेदन दिनुपर्ने<br>• तोकिएको पाठ्यक्रम बमोजिम केन्द्रले तोकेको स्थानमा ७ दिनको तालिम लिन सकिने। | नि:शुल्क | सूचनामा उल्लेख भएको समय भित्र | युवा विकास तथा उद्यम प्रवर्द्धन शाखा |
| ७ | युवा परामर्श तथा मार्गदर्शन कार्यक्रम | • जिल्ला युवा समिति तथा आवद्ध संघसंस्था¸ कलेज¸ स्थानीय तहबाट माग संकलन गरी मागमा आधारित विषयमा विषय विज्ञद्वारा एकदिवसीय परामर्श सेवा प्रदान गरिने। | नि:शुल्क | असोज देखि असार सम्म | संघसंसंस्था समन्वय शाखा |
| ८ | युवा क्लब गठन तथा नमूना युवा संसद स्थापना र अभ्यास | - युवा क्लव गठन तथा युवा संसद सञ्चालन कार्यविधि २०७५ बमोजिमको प्रक्रिया पूरा गरी स्थानीय वडाक्लबको सदस्य बन्न सकिने।<br>- वडाक्लबको सिफारिसमा गाउँ/नगर स्तरीय युवा संसदको प्रतिनिधिका रुपमा सहभागी हुन सकिने<br>- गाउँ/नगर स्तरीय युवा संसदको सिफारिसमा प्रदेश स्तरीय युवा संसद र प्रदेश स्तरीय युवा संसदको सिफारिसमा संघीय युवा संसदमा सहभागी बन्न सकिने। | नि:शुल्क | सम्बन्धित स्थानीय तह र केन्द्रले तोकेको समयाबधि भित्र | सूचना प्रविधि शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | अपाङ्ग युवाका लागि सहयोग सामग्री वितरण | - १६-४० वर्ष उमेर समूहका अपाङ्ग युवाले जिल्ला युवा समितिको कार्यालयमार्फत् वा व्यक्ति स्वयंले परिषदमा निवेदन दिन सक्ने।<br>- निवेदनसाथ नेपाली नागरिकता, अपाङ्गता परिचय पत्र र लिन चाहेको सहयोग सामग्रीको विवरणसहित पेश गर्ने<br>- माग बमोजिमको सहयोग सामग्री उपलब्ध हुने। | नि:शुल्क | निरन्तर | संघसंसंस्था समन्वय शाखा |
| १० | परिषदसँग सम्बन्धित सूचना प्रदान | - निवेदन र नागरिकताको प्रतिलिपि संलग्न राखी प्रयोजन खुलाएर पेश गर्नुपर्ने।<br>- सूचनाको हक सम्बन्धी निवेदनको कारवाही र किनारा गर्ने आन्तरिक कार्यविधि बमोजिम सूचना उपलब्ध गराइनेछ। | पाँच पृष्ठसम्म नि:शुल्क र सोभन्दा बढी भएमा प्रतिपृष्ठ रु ५ | तुरुन्त | सूचना प्रविधि शाखा/युवा सूचना केन्द्र |
| ११ | अध्ययनका लागि पुस्तक उपलब्ध हुने | - पुस्तकालय सहायकसँग परिचय पत्र देखाई बढीमा तीन घण्टासम्म वाचनालयमा बसेर अध्ययन गर्न सकिनेछ। | नि:शुल्क | तुरुन्त | ,, |
| १२ | इ-लाइब्रेरीको सुविधा उपलब्ध | - सूचना प्रविधि शाखामा निवेदन दिनुपर्ने।<br>- बढीमा तीन घण्टासम्म इ-लाइब्रेरीको प्रयोग गर्न सकिने। | नि:शुल्क | तुरुन्त | ,, |
| १३ | फ्रि वाइफाइको सुविधा | - परिषदको प्राङ्गण भित्र प्रवेश गर्ने हरेक युवा तथा सरोकारवालाहरुलाई मागको आधारमा निरन्तर फ्रि वाइफाइको सुविधा उपलब्ध हुनेछ। | नि:शुल्क | तुरुन्त | ,, |

## ४. *उजुरी पेटिका*

सेवाग्राहीको गुनासो सुनुवाईका लागि उजुरी पेटिका राखिएको र नियमित निरीक्षण गर्ने गरिएको।

## ५. *सूचना अधिकारी*

सूचना अधिकारी तोकी जिम्मेवारी दिइएको छ। जसको विवरण निम्नानुसार रहेको छ:

नामथर : अशोक पराजुली

पद: शाखा अधिकृत (रा.प.तृतीय)

फोन/मोवाइल:०१-६६३५८३५/९८६१९९९३०१
इमेल: info@nyc.gov.np

- सूचना अधिकारीको फोटो र सम्पर्क नम्वर सहितको विवरण सबैले देख्ने गरी कार्यालयको प्रवेशद्वार तथा वेवसाइटमा समेत राखिएको।

## ६. सूचनाको हक सम्बन्धी निवेदनको कारवाही र किनारा गर्ने आन्तरिक कार्यविधि २०७३

सूचनाको हक सम्बन्धी निवेदनको कारवाही र किनारा गर्ने आन्तरिक कार्यविधि २०७३ को व्यवस्था गरी उजुरी तथा गुनासोहरुलाई व्यवस्थित गर्न निवेदन दर्ता गर्ने प्रकिया, निवेदनमा संलग्न गर्नुपर्ने कागजात प्रमाणहरु, निवेदनमा खुलाउनु पर्ने कुराहरु, निवेदनको कारवाही किनारा गर्ने प्रक्रिया र सूचना माग निवेदन तथा कारवाही किनारा सम्बन्धी अभिलेखको ढाँचा समेत तोकिएको र सोही अनुसार कार्य गर्ने गरिएको।

## ७. परिषद्का सम्पर्क नं, इमेल, फेसवुक पेज, नोटिसवोर्ड सेवा तथा वेबसाइटहरुको विवरणः

परिषद्का महत्वपूर्ण सूचना तथा अभिलेखहरु प्राप्त गर्नका लागि निम्नानुसारका सम्पर्क नं, इमेल ठेगानामा सम्पर्क गरी लिन सकिने व्यवस्था गरिएको। उक्तानुसारका सूचना तथा अभिलेखहरु परिषद्को फेसवुक पेज र वेवसाइटमा लगइन गरी सोझै प्राप्त गर्न सकिने व्यवस्था गरिएको।

- Phone: 6638152 (कार्यकारी उपाध्यक्ष), 6635133 (प्रशासकीय प्रमुख), 6631276 (सहायता कक्ष)
- Fax: 6630193
- Email: info@nyc.gov.np
- Facebookpage : www.facebook.com/National Youth Council, Nepal
- Website: www.nyc.gov.np

## ८. उजुरी/गुनासो फछ्यौर्ट

आ.व. २०७९।८० को ६ *महिनामा* परिषद्मा कुनै उजुरी तथा गुनासो फछ्यौट गर्न बाँकी नरहेको।

## *९. सुचनाको हक सम्वन्धी ऐन २०६३ बमोजिम सुचना तथा जानकारी माग तथा कारवाहिको विवरण*

आ.व. २०७९।८० को *अर्ध बार्षिक अवधि*मा परिषद्मा परेका लिखित र मौखिक रुपमा  माग भएका सूचनाहरु

सुचनाको हक सम्बन्धी ऐन २०६३ बमोजिम सुचना माग तथा कारबाही किनारा को विवरण

| **सि.नं** | **निवेदकको नाम** | **ठेगाना** | **सुचना माग भएको मिति** | **कारवाहिको विवरण** |
|---|---|---|---|---|
| १ | शान्तीराम पौडेल | सुर्यविनायक,५, भक्तपुर | २०७९।८।६ | १५ दिन भित्र माग बमोजिम लिखित जानकारी उपलब्ध गराईएको |
| २ | विभिन्न ५५ जना | | | मौखिक सुचना उपलब्ध गराईएको |